# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
# Agriculture and Forestry University
## Office of the Registrar
Rampur, Chitwan, Nepal

# करार सेवा लिने सम्बन्धि सूचना

सूचना प्रकाशित मिति: २०७८।०८।०१

यस कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट संचालित विभिन्न विकास निर्माण कार्यहरुका लागि प्राविधिक कार्यहरु गर्न बरिष्ठ सिभिल ईन्जिनियर एक (१) जना करारमा व्यवस्थापन गर्नुपर्ने भएको हुँदा देहाय वमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र कार्यालय समयमा दरखास्त दस्तुर रु. १,०००।- नगद बुझाएको भौचर वा नेपाल बैंक लि. रामपुर, चितवनमा रहेको विश्वविद्यालयको खाता नं. ०८५००१०६४२०८३१००००01 मा रकम जम्मा गरेको बैंक भौचर सहित दरखास्त दिनुहुन सम्बन्धीत सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव:**

क. नेपाली नागरिक, नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सिभिल ईन्जिनियरिङ्ग ( स्ट्रक्चरल इन्जिनियरिङ्ग वा विल्डिङ्ग कन्स्ट्रक्सन ईन्जिनियरिङ्ग वा कन्स्ट्रक्सन मेनेजमेन्ट आदि) विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी थान एक ।

ख. अविच्छिन्न रुपमा नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व रहेको संघसंस्था वा प्रदेश तथा स्थानीय सरकार वा संगठीत कुनै पनि स्वदेशी तथा विदेशी संघसंस्थामा भवन निर्माण सम्बन्धि कम्तिमा दश (१०) वर्ष काम गरको अनुभव भएको ।

**२. दरखास्तसँग संलग्न गर्नुपर्ने कागजातहरु:**

उम्मेदवारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, कार्य अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, सम्बन्धीत विषयसँग सम्बन्ध राख्ने तालिममा भाग लिएका प्रमाणपत्रको प्रतिलिपी, प्रचलित नेपाल सरकारको कानुन वमोजिम नेपाल ईन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, साथै, सक्कल निवेदन तथा पासपोर्ट साइजको फोटो एक (१) प्रति ।

३. **परिक्षाको किसिम:** अन्तरवार्ता

अन्तरवार्ताको मिति पछि प्रकाशित गरिनेछ ।

४. **निवेदन कार्यालय समयमा दर्ता शाखामा दर्ता गर्न सकिनेछ** । साथै, कार्यालयमा दर्ता गर्न नसकिएमा यस ईमेल registrar@afu.edu.np समेतमा पठाउन सकिनेछ ।

प्रा.डा. शारदा थपलिया
रजिष्ट्रार